

# मेरो घरमा हात्ती

Prum Kunthearo

Sin Thuokna



एक बहिान, बोटम र उनकी आमा उनीहरूको खेतमा गोडमेल गररिहेका थिए। अचानक, उनीहरूले एउटा सानो हात्ती उनीहरूतरि आइरहेको देखे!



हात्ती सधैं उनीहरूको घरभित्रि पस्यो र खानेकुरा खान थाल्यो। बटमले त्यसको पुच्छर समातनि् र बेसस्री नमिोठदिइिन् । "यहाँबाट नसि्कहिाल ! तमिी आफ्नै घर फर्क!” उनी चचि्याइन्।



तर बोटमका आमाबुवा दगुरेर आए र उनलाई रोक्न खोजे। “बचिरा हात्ती!” बटमकी आमा चच्याइन्। "उ भोकाएको र हराएको होला।" आमाको कुरामा उनका बुबा सहमत भए। “हामीले यो हात्तीलाई साथी बनाउनु पर्छ । यसलाई हामीले साकोर नाम राखौँ ।”



साकोरलाई धेरै हेरबिचार गरेको र मिठो मिठो खानेकुरा दिएको देखेर बटमलाई ईर्ष्या लाग्यो ।





बटम जहाँ जहाँ जान्थिन् साकोर पनि उतै जान्थ्यो । उ साँच्चिकैको दिक्क पार्ने परजीवी किरा जस्तै थियो । उ कुनै दिन आफ्नो घर फर्कन्छ कि फर्कन्न होला भनेर बटमले सोच्थिन् ।





साकोरलाई दु:ख दियो वा उसँग दुर्व्यवहार गर्‍यो भने उसले छाडेर जान्छ होला भन्ने बटमले सोचनि् । त्यसैले उनले उसको सुँडभति्र खुर्सानी राखेर उसलाई हाच्छउिँ गर्न लगाइन् । उसलाई डराउन दनि कमलिा देखाएर जसि्क्याइन् ।




एक बिहान, बटमले स्कुलमा लैजान एउटा अम्बा टप्न खोजनि् । तर अम्बा धेरै माथभिएकोले उसले भेटाउन सकनिन् । सानो हात्तीले आफ्नो सुँडले अग्लो रूखमा फलेको अम्बा टपिेर बटमलाई दयिो ।




बटम छक्क परनि् । "धन्यवाद!" उनले भननि् । "तर मलाई स्कुल जान ढलिो हुने भयो ।" उनको आमाले टाढाबाट चिच्याइन्, "तमिी साकोरमा चढेर कनि स्कूल जान्नौ?"



साकोरको सहयोग पाएर, बोटम समयमै स्कूल पुगिन्।





त्यस पछि, साकोर दनिदनै स्कूल जान थाल्यो। बटम र उनका साथीहरू साकोरसँग खेलहरू खेल्न रूचाउँथे। डोरी तान्ने खेल ..... जम्पिङ रोप .....





स्लाइडङि ..... हपस्कच ......



साकोर कक्षाकोठामा पनि जान्थ्यो! एक दिन, बटमका शिक्षकले सोधे, "तिमी ठूली भएपछि के गर्न चाहन्छौ?"



बटमले भननि्, "म वन वैज्ञानकि बन्न चाहान्छु ताकमि साकोर जस्तै हात्तीहरुलाई मद्दत गर्न र हाम्रो भूमलिाई बचाउन सकूँ।" अचानक बाहरि ठूलो हात्ती कराएको सुनयिो ।




के भयो भनेर हेर्न सबै बाहरि दौडे। साकोरकी आमाले उसलाई फेला पारेकी थिइन्!



अब सकोर जंगलमा फर्कने बेला भएको थियो। साकोरलाई बिदा गर्नु पर्दा बटम दुखी भइन् । तर उनको साथी आफ्नो घर र परविारमा फर्कन पाउँदा खुशी हुनेछ भन्ने उनलाई थाहा थियो।




बटमले उसँग मायालु व्यवाहार गरेकोले उनलाई छाडेर जानुपर्दा साकोर पनि दुखी थियो । तर उसकी आमाले उसलाई सम्झाइन् । बटमले हात्तीहरूसँग कसरी मित्रता गर्ने भन्ने जानेकी हुनाले अब साकोर बेलाबेलामा उनलाई भेट्न आउन सक्छ भनेर आमाले साकोरलाई भनिन् ।



समाप्त

The Asia Foundation

CONSERVATION
INTERNATIONAL

वातावरणको बारेमा थप कुरा कन्जर्भेसन इन्टरनेसनल (CI) ले कम्बोडियामा सन् २००१ देखि कम्बोडियाको सम्पन्न जैविक विविधितालाई संरक्षण गर्ने काम गरिरहेको छ । दक्षिण पश्चिमको कार्डामोम पर्वतदेखि, जहाँ देशका केही एशियाली हात्तीहरू बाकी छन्, दक्षिण एशियाको सबैभन्दा ठूलो माछा पाल्ने टोन्ले साप ताल, पहेँलो गाला भएका बाँदर बस्ने भयुन साई सिमि राष्ट्रिय पार्क सम्म यसले काम गर्दै छ । थप जानकारीका लागिः https://www.conservation.org/where/Pages/Greater-Mekong-region.aspx

https://www.youtube.com/watch?v=XGlTHR8aD-o

https://www.youtube.com/watch?v=xgqsniNBhgs

SMART को उदार सहयोगबाट ।

Brought to you by

The Asia Foundation

Let's Read! is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia. booksforasia.org To read more books like this and get further information, visit letsreadasia.org . Original Story ##### #######, author: Prum Kunthearo. . illustrator: Sin Thuokna. Published by , https://www.letsreadasia.org © . Released under CC BY-NC 4.0. This work is a modified version of the original story. © The Asia Foundation, 2019. Some rights reserved. Released under CC BY-NC 4.0.

For full terms of use and attribution, http://creativecommons.org/licenses/by-nc/4.0/

Contributing translators: Vinaya Kasajoo